राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## मानव संशाधन विभागको
## करार सेवाको विशेषज्ञ पदका लागि
## दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

मिति : २०७९।०५।२७

यस बैंकको कर्मचारी सेवा विनियमावली २०७० को विनियम १०९ मा भएको व्यवस्थानुसार करार सेवामा विशेषज्ञ पदमा पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका तथा कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०७९।०५।२८ गते देखि दरखास्त फाराम आह्वान गरिएको छ । बैंकले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरु र पासपोर्ट साईजको फोटो अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक / वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको, नेपाल राष्ट्र बैंकले जारी गरेको नियमन तथा निर्देशन अनुसार बैंक / वित्तीय संस्थाको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको व्यक्ति, बैंक/ वित्तीय संस्थाको ऋण नतिरी कालो सूचिमा परेको व्यक्ति र मानसिक सन्तुलन ठिक नभएको उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

तपसिल

(१) वि.नं. C1/2079/80, पद : विशेषज्ञ (चार्टर्ड एकाउण्टेण्ट), पद संख्या : ११ (एघार)
(२) सेवाको किसिम र अवधि :– करार, सेवा अवधि १ वर्ष ।
(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :– मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उपाधी हासिल गरेको ।
(४) अनुभव : वित्तीय विवरणहरुको विश्लेषण सम्बन्धी अनुभव, NFRS सम्बन्धी कार्यानुभव र कर्जा सम्वन्धि कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।
(५) तलव, भत्ता तथा अन्य सेवा, सुविधा र शर्त :– बैंकले तोके बमोजिम (करारनामामा उल्लेख गरिने) ।
(६) उम्मेदवारको छनौट विधि :– अन्तर्वार्ता ।
(७) पदस्थापन :– उपरोक्त बिज्ञापन अनुसार नियुक्त हुने करार विशेषज्ञहरुलाई बैंकका विभिन्न विभाग तथा कार्यालयहरुमा पदस्थापन गरिनेछ ।
(८) दरखास्त फाराम : बैंकको web site www.rbb.com.np को Notice भित्र Career Notice बाट Print गरी वा बैंकको केन्द्रीय कार्यालय मानव संशाधन विभागबाट प्राप्त गर्न सकिनेछ ।
(९) परीक्षा दस्तुर :– रु.७००।– (सात सय)
(१०) परीक्षा दस्तुर यस बैंकको कर्पोरेट शाखा (१८५) मा रहेको "राष्ट्रिय बाणिज्य बैंक लिमिटेड in-opera" नामको खाता नं. १८५०१००००००२८००१ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखी दरखास्त फाराम पेश गर्नु पर्नेछ ।
(११) दरखास्त फाराम बुझाउने स्थान :– बैंकको केन्द्रीय कार्यालय, मानव संशाधन विभाग ।
(१२) दरखास्त फाराम भर्ने मिति :– दरखास्त फाराम भर्न शुरु हुने मिति २०७९।०५।२८ गतेले ७ दिन । दरखास्त बुझाउने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट फाराम बुझ्ने व्यवस्था मिलाइनेछ ।
(१३) अन्तर्वार्ता सञ्चालन हुने स्थान :– यस बैंकको केन्द्रीय कार्यालय भवन सिंहदरवारप्ला काठमाण्डौ ।
(१४) अन्तर्वार्ता सञ्चालन हुने मिति :– सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।
(१५) अन्तर्वार्ताको पाठ्यक्रम :- राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Notice भित्र Career Notice मा राखिएको छ ।
(१६) शैक्षिक योग्यता, अनुभव, सेवा अवधि सम्बन्धि तथा अन्य प्रमाणपत्रहरुका सम्वन्धमा दरखास्त बुझाउने अन्तिम मिति सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।
(१७) आवेदन स्वीकृत, अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ ।
(१८) दरखास्त फाराम भर्दा अस्पष्ट भएमा यस विभागको टेलिफोन नं. ०१४२५२५९५ एक्सटेन्सन नं. : ३५४९ र ३५४८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

सदस्य सचिव
छनौट समिति